महानिर्देशिकको सन्देश

## हिन्दुकुश हिमालय क्षेत्रमा पानीको उपयोगिता मूल्य/महत्व (Valuing water in the HKH)



हरेक वर्ष मार्च २२ मा मनाउँदै आइएको विश्व पानी दिवसले हामी सबैलाई समाजमा र प्रकृतिमा पानीले खेल्ने भूमिकाबारे स्मरण गराउँछ । विश्व पानी दिवस २०२१ को नारा "पानीको उपयोगिता महत्व" रहेको छ। विश्व पानी दिवसको प्रायोजक संयुक्त राष्ट्र सङ्घअनुसार पानीको उपयोगिता महत्वले आर्थिक परिभाषाहरूलाई समेट्दै यसले व्यक्तिगत र सामाजिक लगायतका दृष्टिकोणहरूबाट पानीको सामाजिक र सांस्कृतिक मूल्यहरूलाई समेत अगाँल्छ। त्यसैले, विश्व पानी जस्तो महत्वपूर्ण दिनमा हामी इसिमोडमा संस्थागत दृष्टिकोणबाट सोध्छौं : हामीले पानीको (उपयोगिता) मूल्य कसरी निर्धारण गर्दछौं?

पहिलो उत्तर अन्तर्निहित छ : हामी सधैं पानीद्वारा परिभाषित र/वा प्रेरित शब्दहरूमा नै हाम्रो कार्यको क्षेत्र र महत्व बताउने गर्छौं। हाम्रो क्षेत्रीय कार्यादेशको वर्णन गर्दा हामी हिन्दुकुश हिमालयलाई एशियाको "वाटर टावर" भनेर चित्रण गर्दछौं जसले १ अर्ब ९० करोड मानिसहरूको लागि पानीको आपूर्ति गर्दछ । हिन्दुकुश हिमालयमा घट्दै गएका हिमनदीहरू र सुक्दै गएका मूलहरूको चित्रहरूले जलवायु परिवर्तनको गम्भीरतालाई स्पष्टरूपमा देखाएको छ । पानीको उपयोगिता मूल्य हाम्रो कार्यका विषयवस्तुबाट पनि देखिन्छ : हाम्रो संस्थागत संरचनाका लगभग हरेक क्षेत्रीय कार्यक्रममा र विषयमा पानीसम्बन्धी पक्षहरू राखिएका छन् ।

हाम्रो र हाम्रा साझेदारहरूको अनुसन्धान, कार्यान्वयन र मूल्याङ्कनले पानीको उपयोगिता मूल्यलाई स्पष्ट उजागर गर्दछ । हाम्रो यो मूल्याङ्कन विभिन्न स्वरूपमा हुन सक्छ। यो परिमाणात्मक आर्थिक मूल्याङ्कन हुनसक्छ, अर्थात् पानीको उपलब्धता सीमित रहेका वा पानीको प्रतिस्पर्धात्मक उपभोग भएका ठाउँका परिस्थिति विश्लेषण गरी पानीको उत्पादकत्व वा सीमान्त मूल्य आँकलन गर्न सकिन्छ । हिन्दुकुश हिमालयमा, यस मूल्याङ्कनले पर्वत र तल्लो भूमिक्षेत्रमा आपूर्ति, पारिस्थितिकीय सेवा र सिंचाइ आदिका लागि पर्याप्त रहने पानीको उपयोगलाई मात्र समावेश गर्दैन, यसले विशेषगरी भविष्यमा तल्लो प्रवाह

क्षेत्रमा पानीको आपूर्तिमा प्रभावित गर्न सक्ने जलविद्युत र हिमनदीको स्वरूपमा हुने परिवर्तनहरूसहित पर्वतीय क्षेत्रसँग जोडिएका पानीको उपयोग र जलविज्ञानसँग सम्बन्धित प्रक्रियालाई समेत पनि समेट्छ । तथापि, पानीको मूल्याङ्कन अवधारणालाई पानीको लाभदायक उपयोगमा मात्र सीमित गरिनुहुँदैन । पानीको नकारात्मक मूल्य पनि हुनसक्छ। उदाहरणको लागि हाम्रो अनुसन्धानको महत्वपूर्ण क्षेत्रको रूपमा रहेको हिमताल फुटेर आउने बाढीले गर्ने आर्थिक क्षतिको विचार गरौं, वा हालै भारतको उतराखण्डमा ठूलो चट्टान हिमनदीमा खस्दा आएको बाढीले गरेको जीवन क्षति र जलविद्युत् संरचनाहरूको विनाशलाई हेरौं ।

अझै पनि पानीको केही मूल्यहरूलाई परिमाणात्मक स्वरूपमा व्यक्त गर्न सकिदैंन। हिन्दुकुश हिमालयमा रहेका बृहत् जैविक विविधतालाई सहयोग गरिरहेको मनसून वर्षाको मूल्यलाई, पहाडी मानिसहरूको जीवनशैलीमा सहयोग गर्ने पहाडी क्षेत्रमा पानीका मूलहरूको सामाजिक र सांस्कृतिक मूल्यलाई, वा पर्यापर्यटनका लागि हिउँले ढाकिएका पर्वतमालाले प्रदान गर्ने लाभलाई हामी परिमाणमा कसरी व्यक्त गर्छौं ? पानीको यी अमूर्त मूल्यहरूलाई पनि विचार गरिनुपर्छ र यी मूल्यहरू हिन्दुकुश हिमालय क्षेत्रका मानिसको सर्वोपरि हित र वातावरणको सुधार गर्न इसिमोडले गर्ने कार्यहरूमा अभिन्न भाग हुन् ।

यस वर्षको विश्व पानी दिवस “पानीको उपयोगिता मूल्य/महत्व” बारेमा छ । अन्तमा, सबै पानी उपभोक्ताबाट र पानी उपभोग एवम् प्रभावका सबै आयामहरूमा निर्धारण गरिएका पानीको परिमाणमा व्यक्त गर्न सकिने वा अमूर्त मूल्यलाई समग्र रूपमा विचार गरेर मात्र हामी हिन्दुकुश हिमालयमा पानीको वास्तविक मूल्याङ्कन गर्न सक्छौं । इसिमोडमा यो नै हाम्रो लक्ष्य हो । पानीले हाम्रो जीवनमा, हिन्दुकुश हिमालयमा र यो पृथ्वीभरि राख्ने मूल्यलाई हामी सबैले स्वीकार गरौं ।

**पेमा ग्याम्शो**

महानिर्देशक, इसिमोड